अनुसूची- १२

(दफा १८ को उपदफा (६) सँग सम्बन्धित)

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित

# आईकम नेपाल मुनाफा वितरण नगर्ने कम्पनीको

## प्रबन्धपत्र

१. **कम्पनीको नाम:** यस कम्पनीको नाम आईकम नेपाल हुनेछ जसलाई अंग्रेजीमा ICOM Nepal भनिनेछ।

२. **कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना** :

यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २१ मा रहनेछ। आवस्यकता अनुसार कम्पनीको शाखा एवं सम्पर्क कार्यालयहरु समेत खोल्न सकिनेछ।

३. **कम्पनीले गर्ने व्यवसाय वा कारोवारको प्रकृति :**

यो कम्पनी गैर-नाफामुलक विशुद्ध सामाजिक सेवामूलक संस्था हुनेछ।

४. **कम्पनीको उद्देश्य:**

(१) यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) छरिएर रहेका संग्रहालयहरु र संग्रहालयसँग सम्बन्धित पेसा, व्यवसाय एवं विज्ञहरुको ज्ञान, सीप, क्षमताको आदान प्रदान गर्ने प्रतिनिधिमूलक संस्थाको रुपमा विकास गर्ने गराउने।

(ख) कला, संस्कृति, सम्पदा, मठ, मन्दिर, भेष-भुषा, आदिको अध्ययन, अनुसन्धान, संरक्षण, निर्माण एवं विकासमा सहयोग गर्ने गराउने।

(ग) पुरातात्विक, ऐतिहासिक एवं संस्कृतिक सम्पदाहरुको संरक्षण तथा सम्बर्दन गर्ने गराउने।

(घ) लोपन्मुख, पुरातात्विक एवं ऐतिहासिक कला-संस्कृति र सो सँग सम्बन्धित मूर्त एवं अूमर्त कला, संस्कृति, ज्ञान एवं सिपको संरक्षण, सम्वर्दन, प्रदर्शन, प्रबर्दन र सोध एवं खोज गर्ने गराउने।

(ङ) संग्रहालयसँग सम्बन्धित पेसा एवं व्यवसायमा आवद्ध व्यक्ति एवं संस्थाको क्षमता अभिवृद्धि, तालिम, गोष्ठी, प्रदर्शन, स्वदेश एवं विदेशमा हुने सभा, समारोह, आदिमा सहभागी हुने, सहभागी गराउने वा कार्यक्रमहरुको अयोजना गर्ने गराउने।

(च) समाजकल्याणका अन्य विभिन्न कार्यक्रमहरु संचालन गर्ने गराउने।

(२) कम्पनीले उपदफा (१) बमोजिमको उद्देश्य कार्यान्वयन गर्न प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गर्नु पर्ने भएमा सो प्राप्त भएपछि मात्र कार्यान्वयन गरिने छ।

(३) उपदफा (१) मा उल्लिखित उद्देश्यको सम्बन्धमा अनुमति वा इजाजत प्राप्त गरेको पन्ध्र दिनभित्र त्यस्तो अनुमति वा इजाजतपत्रको प्रतिलिपि कार्यालयमा पेश गरिनेछ।

५. **कम्पनीको उद्देश्य प्राप्त गर्न गरिने कामहरु** :

यस कम्पनीले दफा ४ बमोजिमका उद्देश्य प्राप्त गर्न देहायका कामहरु गर्न सक्नेछ :-

(क) कम्पनीलाई आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन र आवश्यक उपकरण खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्ने,

(ख) कम्पनीलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाका शर्तहरु निर्धारण गर्ने,

(ग) कम्पनीको नाममा बैंक तथा वित्तीय संस्थामा खाता खोल्ने र सञ्चालन गर्ने,

(घ) कम्पनीलाई आवश्यक पर्ने रकम बैंक वा कुनै वित्तीय संस्थाबाट कम्पनीले धितो राखी वा नराखी कर्जा लिने ।

(ङ) कम्पनीको लागि आवस्यक पर्ने सल्लाहकार, प्रशिक्षक, कानून व्यवसायी, सुपरिवेक्षक, इन्जिनियर, विशेषज्ञ एवं कामदार र कर्मचारीहरुको नियुक्ति गर्ने, तिनीहरुको सेवा, शर्त, तलव, भत्ता तोक्ने, आवस्यक भएमा सो कार्यलाई व्यवस्थित गर्न विनियम बनाईलाई लागू गर्ने ।

(च) स्वदेश तथा विदेशका विभिन्न संघ, संस्था, व्यक्तिहरुसँग मिलेर काम गर्ने तथा अनुदान र सहयोग लिने वा दिने ।

(छ) कम्पनीको उद्देश्य पूरा गर्न आवस्यक पर्ने मेशिन, औजार, उपकरण, कच्चापदार्थ, सहायक कच्चापदार्थ लगायतका सामान एवं उपकरणहरु विदेशबाट आयात गर्ने तथा स्थानीय बजारमा खरिद गर्ने तथा भाडामा लिइ प्रयोग गर्ने ।

(ज) विभिन्न किसिमका पत्रपत्रिका, रेडियो, टेलिभिजन, इन्टरनेट जस्ता संचारमाध्यम मार्फत जनचेतनाका लागि विभिन्न कार्यक्रम संचालन गर्ने ।

(झ) कम्पनीको लागि आवस्यक पर्ने चल, अचल, घरजग्गा, जमिन भाडामा दिने वा विक्री गर्ने ।

(ञ) कम्पनीको तर्फबाट वा कम्पनी विरुद्ध परेका मुद्दा मामिलाहरुको पुर्पक्ष गर्ने, प्रतिरक्षा गर्ने, लिखित जवाफ पेश गर्ने लागयतका कार्यहरु गर्ने ।

(ट) कम्पनीलाई आकस्मिक क्षतिबाट बचाउन सबै प्रकारका सम्पत्तिहरुको विमा गर्ने ।

६. **कम्पनीको प्रारम्भिक पूँजी रकम :**

यस कम्पनीको एउटा छुट्टै कोष हुनेछ सो कोषमा देहाय बमोजिम प्राप्त रकमहरु जम्मा हुनेछन्:

(क) कम्पनी संस्थापना गर्दा सदस्य एवं मानार्थ सदस्यहरुबाट प्राप्त हुने रकमबाट रु.५०,०००/- (पचास हजार) को कोष ।

(ख) कसैले स्वेच्छाले दिएको अनुदान, सहायताबापत प्राप्त हुन आउने रकम ।

(ग) नेपाल सरकारका विभिन्न निकायहरु, स्वदेशी एवं विदेशी संघ संस्था र व्यक्तिहरुबाट सहयोग, अनुदान बापत प्राप्त हुन आउने रकम ।

(घ) यस कम्पनीले बढे बढाएको अन्य रकम ।

७. **कम्पनीको लागि शेयर पूँजी आवश्यक नपर्ने :**

(१) यो कम्पनी संस्थापना गर्दा कुनै शेयर पूँजी आवश्यक पर्नेछैन ।

तर कम्पनीले आफ्ना सदस्यहरुबाट सदस्यता शुल्क प्राप्त गर्न र आफ्नो उद्देश्य पूरा गर्न कानून बमोजिम कसैबाट कुनै दान वा अनुदान प्राप्त गर्न सक्नेछ ।

(२) कम्पनीका सदस्यहरुले सदस्यता शुल्क र नविकरण वापत संस्थाको हकमा शुल्क रु. ५०००/- र प्राकृतिक व्यक्तिको हकमा रु. ३०००/- वार्षिक सदस्यता शुल्क बुझाउनुपर्ने छ ।

(३) कम्पनीका सदस्यहरुबाट प्राप्त रकम वा अन्य अनुदान रकम छुट्टै कोषमा जम्मा गरिनेछ र सो कोषमा रहेको रकम कम्पनीको पूँजी हुनेछ । यस्तो रकम कम्पनीको नियमित कारोबारको सिलसिलामा वा कम्पनीको उद्देश्य हासिल गर्न खर्च गर्न सकिनेछ ।

(४) कम्पनीको उद्देश्य परिपूर्ति गर्न आवस्यकता अनुसार अक्षय कोषको स्थापना र सञ्चालन गर्न सकिनेछ सो सम्बन्धी कार्यविधि संचालक समितिले निर्धारण गर्नेछ ।

८. **मुनाफा वितरण गर्न नपाउने :**

(१) कम्पनीले आर्जन गरेको मुनाफाबाट लाभांश, बोनस वा अन्य कुनै रकम यसका सदस्य वा कर्मचारीलाई वितरण गरिने छैन ।

(२) कम्पनीले आर्जन गरेको मुनाफा कम्पनीको पूँजी वृद्धि गर्न वा कम्पनीको उद्देश्य प्राप्तिका लागि मात्र खर्च गरिनेछ ।

९. **कम्पनीको सदस्यता प्राप्ति र नवीकरण:**

१. यस कम्पनीमा देशाय बमोजिमका सदस्य रहनेछन्:

(क) साधारण सदस्य:

यस कम्पनीको उद्देश्य अनुरुपको भावना बुझेको स्वदेशी तथा विदेशी व्यक्ति तथा संस्थालाई कम्पनीले निर्धारण गरेको सदस्य शुल्क लिई सदस्यता प्राप्त गर्ने व्यक्तिहरु कम्पनीको साधारण सदस्य हुनेछन् ।

(ख) संस्थापक सदस्य:

यस कम्पनी संस्थापनार्थ प्रबन्धपत्र र नियमावलीमा सहिछाप गर्ने सबै व्यक्तिहरु संस्थापक सदस्य हुनेछन् ।

(ग) आजीवन सदस्य:

कम्पनीको विकासको लागि सहयोग वा योग्दान पुऱ्याउने स्वदेशी तथा विदेशी व्यक्ति तथा संस्थालाई तोकिएको प्रक्रिया अन्तर्गत कम्पनीले आजीवन सदस्यता प्रदान गर्नेछ । यसको शुल्क संचालक समितिले निर्धारण गर्ने छ । संस्थापक सदस्यहरु यस कम्पनीको आजीवन सदस्य हुनेछन् ।

(घ) मानार्थ सदस्य:

यस कम्पनीको उद्देश्य परिपूर्तिमा सहयोग पुऱ्याउने स्वदेशी तथा विदेशी व्यक्ति तथा संस्थालाई तोकिएको प्रक्रिया पूरा गरी कम्पनीले मानार्थ सदस्यता प्रदान गर्नेछ तर मानार्थ सदस्यमा मताधिकार रहने छैन ।

२. देहायका योग्यता पुगेका व्यक्तिहरु यस कम्पनीको सदस्य हुन सक्नेछन् :

(क) संग्रहालय विज्ञान वा इतिहास वा संस्कृति वा मानवशास्त्र वा एतिहासिक सम्पदा संरक्षण जस्ता विषयमा अध्ययन गरी दक्षता हाँसिल गरेको हुनुपर्ने ।

(ख) नेपालको कुनै पनि संग्रहालयसँग आवद्ध भएको हुनुपर्ने ।

(ग) संग्रहालय, ऐतिहासिक सम्पदा संरक्षण तथा पुरातत्व सम्बन्धी विषयमा लेख वा रचना प्रकाशित गरेको व्यक्ति वा सो सम्बन्धी विषयमा स्वतन्त्र रुपले कार्य गर्दै आएको व्यक्ति हुनुपर्ने ।